# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, फागुन ०२ गते, २०७६ साल (अतिरिक्ताङ्क ५७

# भाग २

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।११।०२ मा स्वीकृत भएको "प्रदेश पदक (पहिलो संशोधन) नियमावली, २०७६" सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश पदक (पहिलो संशोधन) नियमावली, २०७६

**प्रस्तावनाः** प्रदेश पदक नियमावली, २०७६ लाई संशोधन गर्न आवश्यक भएकोले,

प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५ प्रदेश सरकारले यो नियमावली जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "**प्रदेश पदक (पहिलो संशोधन) नियमावली, २०७६**" रहेको छ ।

(२) यी नियमावलीहरू तुरून्त लागु हुनेछ ।

२. **मुल नियमावलीको अनुसूचिमा संशोधनः** मुल नियमावलीको अनुसूचि १, २, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ को सट्टा यसैसाथ संलग्न अनुसूचि १, २, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ राखिएको छ।

अनुसूची - १

(नियम-३ को उपनियम (१) (क) (२) सँग सम्बन्धित)

**बुद्धशान्ति पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ। पदकको बाहिरी गोलाकार भाग चाँदीको र भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भागमा गौतम बुद्धको सुनको अर्धकदको तस्बिर रहनेछ। तस्बिरको शिरमा सुनको राष्ट्रिय झण्डा, दायाँ तर्फ सुनको सूर्य र बायाँ तर्फ सुनको चन्द्रमा रहनेछ। बाहिरी गोलाकार भागमा चाँदीको १२ वटा अर्ध गोलाकार बुट्टाहरू रहनेछन् । पदकको माथिल्लो भागमा "**बुद्ध शान्ति पदक**" उल्लेख हुनेछ । पदकमा २५ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - २

(नियम-३ को उपनियम (१) (ख) (४) सँग सम्बन्धित)

**प्रदेश प्रमुख जनसेवा पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो भित्र चाँदीको अर्को अर्ध गोलाकार भाग रहनेछ । पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग भित्र दायाँ तिर ६ वटा र बायाँ तिर ६ वटा सुनको लाली गुराँसका फूल रहनेछन् । उक्त फूलको बिचको माथिल्लो भागमा सुनको राष्ट्रिय झण्डा र तल्लो भागमा बलेको दियो सुनको रहनेछ । पदकको बाहिरी भागमा १२ वटा चाँदीको त्रिकोणले घेरिएको हुनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**प्रदेश प्रमुख जनसेवा पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम"/ "द्वितीय"/ "तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा २० ग्राम द्वितीय श्रेणीको पदकमा १५ ग्राम र तृतिय श्रेणीको पदकमा १० ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - ३

(नियम-३ को उपनियम (१) (ग) (४) सँग सम्बन्धित)

## मुख्यमन्त्री प्रज्ज्वल दीप पदक

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग माथिबाट तल फर्केको र चाँदीको अर्धगोलाकार भाग तलबाट माथि फर्केको हुनेछ । पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग भित्र प्रदेश नं. ५ को सुनको नक्सा र नक्सा माथि सुनको सुर्य रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**मुख्यमन्त्री प्रज्ज्वल दीप पदक**" र तल्लो भागमा श्रेणी (**"प्रथम"/"द्वितीय"/"तृतीय"**) उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा १८ ग्राम सुन, द्वितीय श्रेणीको पदकमा १३ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ८ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - ४

(नियम-३ को उपनियम (१) (घ) (४) सँग सम्बन्धित)

**प्रदेश सेवा समर्पण पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । पदकको बाहिरी गोलाकार भाग चाँदीको र भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग भित्र सुनको नेपालको राष्ट्रिय झण्डा हुनेछ। उक्त सुनको गोलाकार भाग देखि बाहिरी पट्टिको गोलाकार चाँदीको घेरालाई ढाक्ने गरी १२ वटा चाँदीका त्रिकोणहरु रहनेछ । पदकको गोलाकार माथिल्लो भागमा "**प्रदेश सेवा समर्पण पदक**" र तल्लो भागमा श्रेणी (**"प्रथम"/ "द्वितीय"/ "तृतीय**") उल्लेख हुनेछ ।प्रथम श्रेणीको पदकमा १६ ग्राम सुन द्वितीय श्रेणीको पदकमा ११ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ६ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - ५

(नियम-३ को उपनियम (१) (ङ) (४) सँग सम्बन्धित)

## उजिरसिंह दीप पदक

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्को गोलाकार भाग हुनेछ । उक्त चाँदीको गोलाकार भाग बीचबाट सिधा तेर्सो दुवैतिर हुने चाँदीको फित्ता रहने छ सो को तल्लो भागमा चाँदीको तलपट्टी फर्केको अर्को फित्ता रहनेछ । पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भागमा वीरताको प्रतिक सुनको क्रस खुकुरी र उक्त खुकुरी माथि हातमा ढाल र तरवार समातेको वीर सपुत उजिरसिंह थापाको सुनको प्रतिक रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**उजिरसिंह दीप पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम"/"द्वितीय"/"तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा १४ ग्राम सुन द्वितीय श्रेणीको पदकमा १० ग्राम सुन र तृतीय श्रेणीको पदकमा ७ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - ६

(नियम-३ को उपनियम (१) (च) (४) सँग सम्बन्धित)

**समाज सेवा श्री पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग माथिबाट तल फर्केको र चाँदीको अर्धगोलाकार भाग तलबाट माथि फर्केको हुनेछ ।पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग सुनको दायाँ तिर धानको बाला र बायाँ तिर गँहुको बाला एक अर्को तिर झुकेको र तलबाट सुनको दुई हातले ती बालालाई छोई प्रदेश नं. ५ को सुनको नक्सा हातमा बोकेको र सो नक्सा माथि सुनको नेपालको राष्ट्रिय झण्डा हुनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**समाज सेवा श्री पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम"/ "द्वितीय"/" तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा १० ग्राम सुन द्वितीय श्रेणीको पदकमा ७ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ५ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ ।

अनुसूची - ७

(नियम-३ को उपनियम (१) (छ) (४) सँग सम्बन्धित)

**प्रदेश रत्न पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग भित्र सुनको प्रदेश नं. ५ को नक्सा माथि सुनको हिमाल र उक्त हिमाल माथि नेपालको राष्ट्रिय झण्डा सुनको रहनेछ । बाहिर पट्टीको गोलाकार भागलाई छुनेगरी १२ वटा चाँदीका त्रिकोण रहनेछ । पदकको गोलाकार माथिल्लो भागमा "**प्रदेश रत्न पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम"/"द्वितीय" /"तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा १० ग्राम सुन द्वितीय श्रेणीको पदकमा ७ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ५ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ ।

अनुसूची - ८

(नियम-३ को उपनियम (१) (ज) (४) सँग सम्बन्धित)

**<u>पुथाश्री शिखर पदक</u>**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार भाग रहनेछ । सो गोलाकार भागको तल्लो भागमा एक अर्को तिर झुकेको चाँदीको २ वटा गँहुको बाला रहनेछ ।पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। उक्त भित्रि गोलाकार भाग भित्र प्रदेश नं. ५ को सुनको नक्सा हुनेछ । नक्सा माथि सुनको पुथाश्री शिखर हिमालको नक्सा र सो नक्सा माथि नेपालको राष्ट्रिय झण्डा सुनको रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**पुथाश्री शिखर पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम"/"द्वितीय" /"तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा ७ ग्राम सुन, द्वितीय श्रेणीको पदकमा ५ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ ।

अनुसूची - ९

(नियम-३ को उपनियम (१) (झ) (४) सँग सम्बन्धित)

**प्रदेश प्रज्ञा पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्को गोलाकार भाग रहनेछ । बाहिरी पट्टिको चाँदीको गोलाकार घेरालाई दायाँ बायाँ छुनेगरी चाँदीको षट्कोण रहनेछ । उक्त षट्कोण भित्रको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भागमा विद्याको प्रतिक सुनको किताब र किताबमा लेख्दै गरेको माथिबाट तल फर्केको सुनको कलम रहनेछ । पदकको गोलाकार माथिल्लो भागमा "**प्रदेश प्रज्ञा पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम"/"द्वितीय" /"तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा ७ ग्राम सुन, द्वितीय श्रेणीको पदकमा ५ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - १०

(नियम-३ को उपनियम (१) (ञ) (४) सँग सम्बन्धित)

**प्रजापति गौतमी पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग माथिबाट तल फर्केको र चाँदीको अर्धगोलाकार भाग तलबाट माथि फर्केको हुनेछ । पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग भित्र सुनको कमलको फूलमाथि आर्दश नारी प्रजापति गौतमीको दुई हातले बालक समातेर बसेको सुनको प्रतिक रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**प्रजापति गौतमी पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम" /"द्वितीय"/ "तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा ७ ग्राम सुन। द्वितीय श्रेणीको पदकमा ५ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

अनुसूची - ११

(नियम-३ को उपनियम (१) (ट) (४) सँग सम्बन्धित)

**दङ्गीशरण बलिहाङ्ग पदक**

**(क) मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको गोलाकार भाग हुनेछ ।पदकको भित्रि गोलाकार भाग सुनको हुनेछ। भित्रि गोलाकार भाग भित्र हातमा सुनको लठ्ठी समातेको दङ्गीशरण बलिहाङ्गको अर्धकदको सुनको प्रतिक रहने छ । प्रतीकको दायाँ र बायाँ चाँदीको तारा हुनेछ । भित्री चाँदीको घेरा बाहिर १२ वटा चाँदीको त्रिकोण रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**दङ्गीशरण बलिहाङ्ग पदक**" र तल्लो भागमा श्रेणी **("प्रथम" /"द्वितीय"/ "तृतीय")** उल्लेख हुनेछ । प्रथम श्रेणीको पदकमा ७ ग्राम सुन, द्वितीय श्रेणीको पदकमा ५ ग्राम सुन र तृतीय श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख) पट्टिकाः** २ फिट लम्बाई र ३.८ से.मि. चौडाईको पट्टिका हुनेछ।

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय